अध्यक्ष

अनुसुची १०
वन पैदावर लिलाम बिक्रिको विस्तृत सुचना

श्री निबुवाटार सामुदायिक वन उपभोक्ता समूह, कालिका न.पा.१०, चितवन

बोलपत्र लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३।०७।१९

श्री निबुवाटार सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित समुहको घाटगद्दिस्थलमा राखिएको निम्न परिमाणको गोलिया चिरान काठ तथा बाकल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ। ईच्छुक काठको कारोबार गर्ने व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीले यो सुचना लोकतन्त्र सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र तथा २१ औं दिनको सार्वजनिक बिदा वा पर्व परेमा त्यसको भोलिपल्ट सम्म सिलबन्दिको बोलपत्र दाखिला गर्न आव्हान गरीन्छ।

तपसिल

१) लिलाम हुने वन पैदावारको विवरण :

वन पैदावारको विवरण							मुल्याकंन	
लट	प्रजाति	ग्रेड	थान	ईकाई	परिमाण	दर रेट	न्युनतम	संकलन खर्च
१	साल गोलिया काठ	A	१४	क्यु.फिट	१९१.९०	१२५०	२३९८७५	११३३११.८०
		B	३२		२५५.०४	९००	२२९५३६	
		C	२४		९२.६४	६००	५५५८४	
जम्मा			७०		५३९.५८		५२४९९५	
२	साल चिरान काठ	–	८५७	क्यु.फिट	९८३.२२	१२५०	१७२०६३५	२९१४६८.६६
	असना चिरान काठ	–	५		८.१७	४००	४५७५.२०	
जम्मा			८६२		९९१.३९		१७२५२१०.२०	
३	साल बाकल	–	–	के.जि.	४२०००	९.६८	४०६५६०.००	
जम्मा							४०६५६०.००	

२) बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने मिति र समय :
(क) खरीद गर्नुपर्ने २०८३।०८।०९ मा कार्यालय समय भित्र।
(ख) दाखिला गर्नुपर्ने २०८३।०८।१० गते दिनको १:०० बजे भित्र ।
(ग) बोलपत्र खोल्ने समय २०८३।०८।११ गते दिनको ११:०० बजे ।

३) बोलपत्रसाथ कबुल गरेको रकम को दश प्रतिशत ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर शाखामा रहेको खाता नं. १३१०१०००० ४३२१००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

४) बोलपत्र फाराम को लागि लट नं.१ र ३ को रु. १,०००। र लट नं.२ को रु २००० पछि फिर्ता नहुने गरी तिरी यस समूहको बैंक खातामा नगद जम्मा गरी भौचर पेश गरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय चितवनबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री निबुवाटार सामुदायिक वन उपभोक्ता समूहको कार्यालय कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६) लिलाममा भाग लिन ईच्छुक काठको कारोबार गर्ने कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, घरेलु दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०८।११ गतेको दिन समूहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । सकार कर्ताले भरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

CamScanner